फोन नं. : ०७६-५६०२०१

# कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## तौलिहवा, कपिलवस्तु
## ५ नं. प्रदेश

प.सं. : प्र. ०७६/०७७
च.नं. :

मिति : २०७७/०३/३०

## प्रेस-विज्ञप्ति

कपिलवस्तु नगरपालिका भित्र पर्ने सडकहरुको विकास निर्माण कार्यको लागि म नगर प्रमुखको हैसियतले सधै एक पाइला अगाडीको सोच राख्दै सडक बोर्ड ऐन अन्तरगत कपिलवस्तु नगरपालिकाको तौलिहवा जमुवार देखि भिक्षु चौक सम्म तथा बहादुरगंज जाने हुलाकी सडक देखि मस्जिद सम्म सडक खण्डको विस्तार तथा विकासको लागि सडक को दायाँ बायाँ १५ मिटर पर्ने भौतिक निर्माणहरु भत्काउनु पर्ने हुदा र सडक निर्माण कार्यबाट कपिलवस्तु नगरपालिकाको विकास हुने हुदा सडक विस्तार तथा निर्माण कार्यमा सम्पुर्ण नगरबासीहरुको साथ र सहयोगको आशा र विश्वास राखेको छु, साथै नगरबासीहरुको सल्लाह सुझावको पनि आपेक्षा राखेको छु ।

साथै कपिलवस्तु नगरपालिका तौलिहवाको जमुवार देखि भिक्षु चौक सम्म तथा बहादुरगंज जाने हुलाकी सडक देखि मस्जिद सम्मको सडक खण्डमा सडकको दायाँ बायाँ पर्ने १५ मिटरको घर निर्माण भत्काउदा घर विहिन हुने तथा १ धुर जग्गा पनि नहुने घर परिवारलाई कपिलवस्तु नगरपालिकाले ५ धुर जग्गा उपलब्ध गराउनेछ ।

तसर्थ जमुवार देखि भिक्षु चौक सम्मको सडक विकासको कार्यमा सम्पूर्ण नगरबासीहरुको साथ र सहयोगको लागि हार्दिक अग्रह गर्दछु ।

(किरण सिंह)
नगर प्रमुख

किरण सिंह
नगर प्रमुख